nepalpostdaily .com
# नेपाल पोष्ट डेली
दैनिक

17°C । वर्ष :११, अंक : १२७ पृष्ठ ४ । शनिबार २६ पुस २०८२ । SATURDAY, JANUARY 10, 2026.nepalpostdaily .com । मुल्य ५ रुपैंया

## पर्सा-१ मा काँग्रेस उम्मेदवार सिफारिसबारे अन्योल जिल्ला र क्षेत्रीय तहबीच फरक दाबी




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२५ पुस ।**

फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि नेपाली काँग्रेस पर्सा निर्वाचन क्षेत्र नम्बर १ बाट उम्मेदवार सिफारिसको विषयलाई लिएर पार्टीभित्र अन्योल र विवाद देखिएको छ। क्षेत्रीय तहबाट चार जनाको नाम सिफारिस भएको दाबी सार्वजनिक भए पनि जिल्ला कार्यसमितिले त्यसलाई अस्वीकार गर्दै एकल नाम मात्र सिफारिस भएको स्पष्ट पारेको छ । स्रोतका अनुसार मङ्सिर १७ गते जारी परिपत्रअनुसार कार्यवाहक सभापति अनिल श्रीवास्तवको अध्यक्षतामा बसेको काँग्रेस पर्सा-१ को क्षेत्रीय बैठकले अजय कुमार द्विवेदी, जोखन दास थारु, लक्ष्मी नाथ नेपाल र आदित्य प्रधानलाई उम्मेदवारका रूपमा सिफारिस गरेको दाबी गरिएको थियो । तर यस विषयमा पुष्टि हुन सकेको थिएन । यसबारे बुझ्न खोज्दा काँग्रेस पर्साका प्रवक्ता रमेश पाण्डे र जिल्ला सभापति जनार्दन सिंह क्षेत्रीसँग प्रारम्भिक रूपमा सम्पर्क हुन सकेको थिएन, जसका कारण चार नाम सिफारिस भएको खबर सार्वजनिक भएको देखिन्छ ।

तर पछि जिल्ला कार्यसमितिले आधिकारिक रूपमा प्रतिक्रिया दिँदै क्षेत्रीय तहबाट कुनै पनि थप नाम सिफारिस नभएको स्पष्ट पारेको छ । काँग्रेस पर्साका प्रवक्ता रमेश पाण्डेले जिल्ला कार्यसमितिले अनिल रुङ्गटाको एकल नाम उम्मेदवारका रूपमा सिफारिस गरी प्रदेश र केन्द्रमा पठाइसकेको बताए । "जिल्ला कार्यसमितिबाट कसैको पनि थप नाम सिफारिस गरिएको छैन । अब त्यसमा संशोधन हुने सम्भावना

बाँकी तेश्रो पृष्ठमा⇨

## सरस्वती पूजामा अनावश्यक शुल्क रोक्न वीरगन्ज महानगरको निर्देशन




**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२५ पुस ।**

वीरगन्ज महानगरपालिकाले सरस्वती पूजाको अवसरमा विद्यालयहरूले विद्यार्थीबाट चन्दा वा शुल्क सङ्कलन गर्ने कार्य तुरुन्त रोक्न निर्देशन दिएको छ । महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाका प्रमुख आनन्द लामिछानेले शुक्रबार जारी गरेको सूचनामा सरस्वती पूजाको नाममा चन्दा उठाएर सांस्कृतिक कार्यक्रम वा अन्य गतिविधि सञ्चालन गरिने गरेको पाइएको उल्लेख गर्दै यसलाई तुरुन्त बन्द गर्न आग्रह गरिएको छ। सूचनामा महानगरभित्रका सबै सामुदायिक र निजी विद्यालयहरूलाई सम्बोधन गर्दै, पूजासम्बन्धी कार्यक्रमहरू केवल मर्यादित, व्यवस्थित र शैक्षिक उद्देश्य अनुरूप सञ्चालन गर्न निर्देशन दिइएको छ। साथै, शिक्षा ऐन तथा नियमावलीले तोकेको बाहेक कुनै पनि बहानामा शुल्क वा चन्दा उठाउन नहुने र यदि पहिले उठाइसकेको छ भने तुरुन्त फिर्ता गराउनसमेत आग्रह गरिएको छ । महानगरपालिकाका अनुसार यो कदमले अभिभावक र विद्यार्थीहरूलाई अनावश्यक आर्थिक बोझबाट राहत दिने र शैक्षिक वातावरण कायम राख्ने उद्देश्य राख्दछ । सरस्वती पूजाको तयारीसँगै जारी गरिएको निर्देशनले विद्यालयहरूमा अनुशासन र पारदर्शिता सुनिश्चित गर्ने प्रयासको निरन्तरता पनि देखाएको छ ।

## हरिखेतान क्याम्पसका विद्यार्थीको माग तुरुन्त सम्बोधन गर्न मिरोज अहमदको आग्रह

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२५ पुस ।**



वीरगन्जस्थित हरिखेतान बहुमुखी क्याम्पसमा देखिएको आन्तरिक विवाद, किचलो र व्यवस्थापन समितिको मनोमानीप्रति नेकपा (माओवादी केन्द्र) निकट विद्यार्थी संगठन अखिल (क्रान्तिकारी) का केन्द्रीय सचिव मिरोज अहमदले गम्भीर चासो व्यक्त गरेका छन् । सामाजिक सञ्जालमार्फत लामो धारणा सार्वजनिक गर्दै सचिव अहमदले क्याम्पसलाई निजीकरण गर्ने वा सीमित व्यक्तिको स्वार्थअनुसार सञ्चालन गर्ने कुनै पनि प्रयासले हजारौँ विद्यार्थीको भविष्य जोखिममा पार्ने चेतावनी दिएका छन् । उनले हरिखेतान क्याम्पस कुनै व्यक्ति वा गुटको सम्पत्ति नभई विद्यार्थी, अभिभावक र समुदायको साझा शैक्षिक संस्था भएको उल्लेख गरेका छन्। उनले भनेका छन्, "क्याम्पसको नाममा राजनीति, दबाब र स्वार्थ थोपरेर विद्यार्थीको पठनपाठन अवरुद्ध गर्नु कुनै पनि हालतमा स्वीकार्य हुँदैन । विद्यार्थीको पढाइ प्रभावित हुनु भनेको भविष्यलाई अन्धकारतर्फ धकेल्नु हो ।" सचिव अहमदले क्याम्पसका विद्यार्थीहरूले उठाएका जायज मागहरू तत्काल, जिम्मेवार र पारदर्शी ढंगले सम्बोधन गर्न क्याम्पस प्रशासन र सम्बन्धित पक्षलाई आग्रह गरेका छन् । गरिब, विपन्न तथा न्यून आय भएका परिवारका विद्यार्थीहरूको मुख्य शैक्षिक गन्तव्यका रूपमा परिचित हरिखेतान बहुमुखी क्याम्पसमा पछिल्लो समय देखिएको आन्तरिक विवादले पठनपाठनमा असर परेको गुनासो बढ्दै गएको छ । यस विषयमा क्याम्पस प्रशासनले हालसम्म औपचारिक प्रतिक्रिया जनाएको छैन । विद्यार्थीका मागहरू सम्बोधन नभए थप आन्दोलनका कार्यक्रम अघि बढ्न सक्ने संकेत देखिएको छ ।

## मधेसमा २५ लाख माथिका योजना अनिवार्य ठेक्कामार्फत : मुख्यमन्त्री यादव



**बीरगन्ज,२५ पुस ।**

मधेस प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेशमा सुशासन सुदृढ गर्न विकास निर्माण तथा योजनाका कार्यलाई ठेक्का प्रक्रियामार्फत सम्पन्न गर्ने नीति लागू गरिएको बताएका छन् । अबदेखि २५ लाख रुपैयाँभन्दा माथिका सबै योजना ठेक्का प्रक्रियाबाटै कार्यान्वयन गरिने प्रदेश सरकारको निर्णय रहेको उनले जानकारी दिए । जनकपुरधाममा बिहीबार प्रदेश सरकारका आगामी योजना र नीतिबारे गरिएको छलफलमा मुख्यमन्त्री यादवले विगतमा अधिकांश विकास योजनाहरू उपभोक्ता समितिमार्फत हुँदै आएको उल्लेख गर्दै अब सो अभ्यासलाई क्रमशः न्यून गर्दै लैजाने स्पष्ट पारे । यसअघि ५० लाख रुपैयाँभन्दा माथिका योजनामात्र ठेक्कामार्फत हुँदै आएका थिए । उपभोक्ता समितिका कारण अघिल्ला वर्षहरूमा प्रदेश सरकार विभिन्न विवादमा पर्ने गरेको अनुभवका आधारमा अब योजनामा हुने खरिद-बिक्री र अनियमितता रोक्न ठेक्का प्रणालीलाई प्राथमिकता दिइएको उनले बताए ।

"अब कुनै पनि योजनामा खरिद-बिक्रीको अवस्था आउन नदिन उपभोक्ता समितिको भूमिकालाई क्रमशः घटाउँदै लैजान्छु," मुख्यमन्त्री यादवले भने । प्रदेशमा सुशासन कायम गर्न सुधार आवश्यक क्षेत्र पहिचान गर्न प्रदेश सरकारले एक समिति गठन गरेको र सो समितिको सिफारिसका आधारमा सुधारका प्रक्रिया अगाडि बढाइने उनले जानकारी दिए। प्रमुख सचिवको अध्यक्षतामा गठन गरिएको समितिले दिएका सुझावलाई कार्यान्वयन गर्ने प्रतिबद्धता पनि उनले जनाए । मुख्यमन्त्री यादवले प्रदेशका कार्यालयहरूको नियमित अनुगमन र छड्के निरीक्षण भइरहेको उल्लेख गर्दै कार्यालय प्रमुख वा कर्मचारी अनुपस्थित भेटिएमा प्रचलित कानुनअनुसार कारबाही गरिने स्पष्ट पारे। सुशासन कायम गर्नु आफ्नो प्रमुख प्राथमिकता रहेको बताउँदै उनले प्रदेश सरकारको कामलाई व्यवस्थित, प्रभावकारी र दीगो बनाउन सबै पक्षको सहयोग अपरिहार्य रहेको धारणा राखे ।

यस्तै, केन्द्रमा भएको सहमतिअनुसार राष्ट्रियसभा सदस्य निर्वाचनमा भूमिका खेल्ने जानकारी दिँदै मुख्यमन्त्री यादवले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा भने आफू उम्मेदवार नबन्ने स्पष्ट पारे ।

## लायन्स क्लब वीरगन्जद्वारा नारायणी अस्पतालका बिरामीलाई कम्बल वितरण

**नेपाल पोष्ट संवदाता**
**बीरगन्ज,२५ पुस ।**

चिसो मौसमका कारण अस्पतालमा उपचाररत बिरामीहरूलाई राहत पुऱ्याउने उद्देश्यले लायन्स क्लब वीरगञ्जले नारायणी अस्पतालमा १६० जना बिरामीलाई न्यानो कम्बल वितरण गरेको छ । कम्बल वितरण कार्यक्रम क्लबका अध्यक्ष सुरेश कुमार रुङ्गटाको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा क्लबका पदाधिकारीहरू प्रकाश बाहेती, अशोक गुप्ता, प्रदिप डालमिया लगायतले पनि सहभागिता जनाएका थिए ।

अध्यक्ष रुङ्गटाले कार्यक्रममा चिसो मौसममा उपचाररत बिरामीहरूलाई सहजता प्रदान गर्न र सामाजिक उत्तरदायित्व पूरा गर्न यस्तो कार्यक्रम आयोजना गरिएको बताए ।

## १५ हजार शुल्कमा राजनीतिक दलले देशभरको मतदाता नामावली लिन सक्ने व्यवस्था




**काठमाडौं,२५ पुस ।**

निर्वाचन आयोगले निर्वाचन प्रयोजनका लागि आवश्यक परे राजनीतिक दललाई निश्चित शुल्क लिएर देशभरका मतदाताको विवरण उपलब्ध गराउने व्यवस्था गरेको छ । आयोगले तयार पारेको प्रतिनिधिसभा सदस्य निर्वाचन निर्देशिकाअनुसार आयोगमा दर्ता भएका राजनीतिक दलले औपचारिक पत्र पेश गरेमा मतदाता नामावली प्राप्त गर्न सक्नेछन् । निर्देशिकाअनुसार देशभरको मतदाता नामावली लिन १० हजार रुपैयाँ शुल्क तोकिएको छ। आयोगले मतदाताको जन्ममिति, नागरिकता नम्बर र मोबाइल नम्बरबाहेकका विवरण विद्युतीय माध्यमबाट उपलब्ध गराउनेछ। उक्त विवरण हार्डड्राइभ वा पेनड्राइभमार्फत प्रदान गरिनेछ। कुनै एक प्रदेशको मात्र मतदाता विवरण चाहिएको खण्डमा भने ५ हजार रुपैयाँ शुल्क तिरेर लिन सकिने व्यवस्था गरिएको छ ।

यस्तै, निर्वाचन अधिकृतले कुनै मतदाता, दलको प्रतिनिधि वा उम्मेदवारले मतदाता नामावली हेर्न वा आफ्नै खर्चमा सार्न चाहेमा नामावली च्यात्न, बिगार्न वा केरमेट गर्न नपाउने गरी अवलोकन वा प्रतिलिपि बनाउन दिनुपर्नेछ । फोटोसहितको मतदाता नामावली सम्बन्धित मतदाताले मात्र हेर्न पाउनेछन् भने फोटोबाहेकको नामावली जोसुकैले हेर्न सक्ने जानकारी मतदाता, दल र उम्मेदवारलाई दिनुपर्नेछ ।

## निर्वाचनका लागि नेपाल-भारत सिमानाका ७२ घण्टा बन्द

**रौतहट,२५ पुस ।**

आगामी फागुन २१ गते हुन गइरहेको प्रतिनिधिसभा सदस्य निर्वाचनलाई लक्षित गर्दै नेपाल-भारत सिमानाका ७२ घण्टासम्म बन्द गरिने भएको छ। निर्वाचनलाई निष्पक्ष, शान्तिपूर्ण र भयरहित वातावरणमा सम्पन्न गराउने उद्देश्यसहित उक्त निर्णय गरिएको हो। रौतहटको चन्द्रनिगाहपुरमा बुधबार साँझ सम्पन्न नेपाल-भारत सीमा संयुक्त समन्वय समितिको बैठकले सिमानाका बन्द गर्ने निर्णय गरेको सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले जानकारी दिए । जनकपुरधाम क्षेत्रअन्तर्गत पर्ने महोत्तरी, सर्लाही र रौतहट जिल्लाका सुरक्षा अधिकारीहरू तथा भारतको सीतामढी जिल्लाका सुरक्षा अधिकारीहरूबीच भएको बैठकमा निर्वाचन सुरक्षाका विविध पक्षबारे छलफल भएको थियो । प्रमुख जिल्ला अधिकारी कडरियाका

बाँकी तेश्रो पृष्ठमा⇨

## नेपाल पोष्ट डेलीका लागि

| | |
|---|---|
| प्रकाशक | :- नेपाल पोष्ट मिडिया प्रा.लि. |
| सम्पादक | :- मनोज पटेल |
| कार्यकारी सम्पादक | :- संतोष साह |
| सह-सम्पादक | :- सरोज पटेल |
| सम्पर्क कार्यालय | :- वीरगञ्ज महानगरपालिका पर्सा,नेपाल |
| मुद्रक | :- कोमल प्रिन्टिङ्ग प्रेस,वीरगंज-१२,पर्सा |

Email: nepalpostdaily@gmail .com
Facebook: www .facebook .com/nepalpostdaily
सम्पर्क नम्बर :- ९८४५३१८६६९,०५१-५२००४०


# सम्पादकीय

## राष्ट्रिय सभाको गरिमा

नेपालको व्यवस्थापिका (संसद्) दुई सदनात्मक छ । प्रतिनिधि सभामा प्रत्यक्ष र समानुपातिक निर्वाचन प्रणालीबाट सांसद निर्वाचित हुन्छन् । प्रतिनिधि सभाका सदस्यको पदावधि पाँच वर्ष रहेको छ । राष्ट्रिय सभा स्थायी प्रकृतिको व्यवस्थापकीय अङ्ग हो । यसमा प्रदेशहरूको न्यायोचित प्रतिनिधित्व हुन्छ । यसले व्यस्थापकीय शक्ति सन्तुलन तथा कार्यकौशलता र प्रभावकारिताको सन्तुलनलाई सम्बोधन गर्छ । संविधानले राष्ट्रिय सभालाई स्थायी प्रकृतिको व्यवस्थापकीय अङ्गका रूपमा परिकल्पना गरेको छ । सीमान्तकृत र लोपोन्मुख समुदायको पनि राष्ट्रको शासन व्यवस्थामा सहभागितालाई सुनिश्चित गरिएको छ । समावेशी र लोकतान्त्रिक शासन व्यवस्थाको स्थापना र विकासका लागि राष्ट्रिय सभा अपरिहार्य मानिएको छ । प्रदेश सभाका सदस्य, स्थानीय तहका प्रमुख र उपप्रमुख रहेको निर्वाचक मण्डलद्वारा राष्ट्रिय सभा सदस्य निर्वाचित गरिन्छ । यसमा प्रत्येक प्रदेशबाट कम्तीमा तीन जना महिला, एक जना दलित र एक जना अपाङ्गता भएका व्यक्ति वा अल्पसङ्ख्यकसहित आठ जना गरी ५६ जना निर्वाचित हुन्छन् । नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट मनोनीत कम्तीमा एक जना महिलासहित तीन जना गरी राष्ट्रिय सभामा ५९ सदस्य रहने व्यवस्था गरिएको छ । प्रत्येक दुई वर्षमा एक तिहाइ सदस्यले कार्यकाल पूरा गर्नुहुन्छ । रिक्त पद पूर्तिका लागि नयाँ निर्वाचन हुन्छ । यस पटक राष्ट्रिय सभाका रिक्त १९ जना सदस्यमध्ये १८ जनाको आउँदो माघ ११ गते चुनाव हुँदै छ । यसपालि जेनजी पुस्ताको समेत प्रतिनिधित्व गराउनुपर्नेमा एकथरीले जोड दिएका छन् तर विद्यमान कानुनी व्यवस्था अनुसार उक्त उमेर समूहलाई समेट्न सम्भव छैन । यद्यपि जेनजी पुस्ताको समर्थन रहने अथवा तिनका भावनालाई समेट्ने उम्मेदवारलाई अटाउन सकिने छ । आगामी फागुन २० गतेसम्म पदावधि रहेका १९ जना सांसद बिदा हुने छन् । तिनमा नेकपा (एमाले) का आठ जना र नेकपा (माओवादी केन्द्र) का सात जना रहेका छन् भने नेकपा (एकीकृत समाजवादी), जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टीका एक-एक सदस्य अनि मनोनीत सदस्य एक जना रहेका छन् । राष्ट्रिय सभाको निर्वाचन नेपालमा निर्वाचक मण्डलमार्फत हुने दुई प्रमुख चुनावमध्येको एक हो । माथिल्लो सदनका साथै राष्ट्रपति तथा उपराष्ट्रपति निर्वाचन पनि यही विधि अनुसार गरिन्छ । यसले अप्रत्यक्ष रूपमा जनताको मतको प्रतिनिधित्व हुने गर्छ । नेपालमा क्लस्टर भनिने चार समूहबाट समेट्ने गरी एक पटकमा ५९ सदस्य रहने गरी राष्ट्रिय सभाका सदस्य चयन हुन्छन् । पदावधि सकिएका सदस्यको सूची राष्ट्रिय सभाले निर्वाचन आयोगमा पठाउँछ । रिक्त पदका लागि सरकारद्वारा घोषित मितिमा निर्वाचन आयोगले चुनाव गराउने गर्छ । सुरुमा निर्वाचन हुँदा एक तिहाइ सदस्यको दुईबर्से पदावधि, अर्का एक तिहाइको चारबर्से र बाँकी एक तिहाइको छबर्से पदावधि गोलाप्रथाद्वारा निर्धारण हुन्छ । त्यसपछि चाहिँ गोलाप्रथा हुँदैन । दुई वर्ष कार्यकाल भएका सदस्यहरूको पदावधि सकिएपछि बिदा हुन्छन् । निर्वाचित भएर आउने सदस्यहरूको छ/छ वर्ष कार्यकाल हुन्छ । एवंरीतले राष्ट्रिय सभा निरन्तर चल्दै जान्छ । अन्तिम मतदाता नामावलीमा दर्ता भएका ३५ वर्षमाथिका नेपाली नागरिक कुनै सङ्घीय कानुनले बन्देज नलगाएको वा लाभको पदमा बहाल नरहेको अवस्थामा राष्ट्रिय सभाका सदस्यका लागि निर्वाचित हुन चाहेको क्लस्टर अनुसार उम्मेदवार हुन सक्ने व्यवस्था छ । तिनलाई प्रस्ताव र समर्थन गर्नेहरू राष्ट्रिय सभा निर्वाचनका लागि योग्य मतदाता हुनु पर्छ । राष्ट्रिय सभाका लागि सात प्रदेशमध्ये प्रत्येकबाट आठ/आठ र बाँकी तीन जना मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपतिले नियुक्त गर्ने संवैधानिक व्यवस्था छ । आउँदो माघ ११ गते हुने राष्ट्रिय सभाको निर्वाचनमा १८ सिटका लागि ४४ जनाको उम्मेदवारी परेको छ । सातै प्रदेशका राजधानीमा बुधबार भएको मनोनयनमा नेपाली कांग्रेस, नेकपा (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा), जनता समाजवादी पार्टी नेपाल, लोकतान्त्रिक समाजवादी पार्टी नेपाल तथा नेपाल मजदुर किसान पार्टीका तर्फबाट मनोनयन दर्ता भएको हो । प्रत्येक दुई वर्षमा एक तिहाइ सदस्य रिक्त हुने र प्रतिनिधित्व गर्ने समूहबाटै नयाँ सदस्य निर्वाचित गर्ने व्यवस्था अनुसार निर्वाचन हुँदै छ । १९ सदस्य रिक्त हुने भए पनि एक स्थान मन्त्रीपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट मनोनीत हुने छ । यस पटक राष्ट्रिय सभा निर्वाचनका लागि कांग्रेस, एमाले तथा जनता समाजवादी पार्टी नेपालले गठबन्धन गरेर सिट बाँडफाँट गरेका छन् । मुलुकको नीति निर्माणमा मुलुकवासी सबैको प्रतिनिधित्वको परिकल्पना राष्ट्रिय सभामा गरिएको छ ।

# वैकल्पिक राजनीतिको विभ्रम



**जेबी विश्वकर्मा**

राजनीतिक दलहरू परिस्थिति र आवश्यकता उपज हुन् । देशको राजनीतिक परिस्थिति र जनताको अवस्थाले नयाँ राजनीतिक दलको माग गर्छ । युरोपमा औद्योगिक पुँजीवादको विकाससँगै श्रमजीवी वर्गमाथि पुँजीपतिबाट चरम शोषण हुन थाल्यो । त्यस्तो शोषणको विरुद्ध वा श्रमजीवी जनताको अधिकारका पक्षमा सन् १८४८ मा मार्क्स र लेनिनको पहलमा कम्युनिस्ट घोषणापत्र सार्वजनिक भयो । प्रतिस्पर्धात्मक पुँजीवादको विकाससँगै बलियो पुँजीपतिले कमजोर पुँजीपतिलाई समेत निमिट्यान्न पार्ने एकाधिकारवादी पुँजीवादी अभ्यास हुने परिवेश बन्यो । त्यस्तो व्यवस्थाविरुद्ध क्रान्तिकारी आन्दोलनका लागि रसियन कम्युनिस्ट दल (बोल्सेभिक) गठन भयो । चीनमाथिको जापानको एकाधिकारवादी प्रभुत्व, च्याङ-काई सेकको निरंकुशताविरुद्ध चीनमा माओको नेतृत्वमा चिनियाँ कम्युनिस्ट दल गठन भयो र त्यसले श्रमजीवी, मजदुर र किसानको पक्षमा जनवादी क्रान्तिको नेतृत्व गर्‍यो । ब्रिटिस उपनिवेशबाट स्वतन्त्रता प्राप्तिका लागि भारतमा भारतीय राष्ट्रिय कंग्रेसको गठन भयो । नेपालमा पनि निरंकुश र जनविरोधी राणा शासनको अन्त्य गरी लोकतन्त्र स्थापित गर्न विसं २००३ मा 'नेपाली राष्ट्रिय कांग्रेस' गठन भएको थियो । त्यस्तै, राष्ट्रिय स्वाधीनता, जनजीविका, गरिब, श्रमजीवी र उत्पीडित समुदायको मुक्तिको विचारसहित विसं २००६ मा 'नेपाल कम्युनिस्ट दल' गठन भएको थियो । यी दलले नेपालमा लोकतान्त्रिक व्यवस्था स्थापनामा महत्त्वपूर्ण भूमिका खेलेका छन् । भारतसँगको असमान सन्धिको खारेजी, राष्ट्रघाती सम्झौता रद्द गर्नुपर्नेजस्ता मुद्दाका साथै राजतन्त्रको अन्त्य, क्रान्तिकारी भूमिसुधार लागू गर्ने र गरिब, श्रमजीवी, किसान, मजदुर, महिला, दलित र उत्पीडित समुदायमाथिको मुक्तिको एजेन्डासहित तत्कालीन नेकपा (माओवादी) ले विसं २०५२ मा जनयुद्धको सुरुवात गर्‍यो । माओवादी जनयुद्धले राज्यको पुन:संरचनामार्फत नेपाललाई संघीय लोकतान्त्रिक गणतान्त्रिक व्यवस्थामा रूपान्तरित गर्न भूमिका खेल्यो । अर्थात् नेपालको राजनीतिक रूपान्तरणका लागि राजनीतिक दलको भूमिका निकै महत्त्वपूर्ण रहँदै आयो । तर स्थापित राजनीतिक दलले देश र जनताको हितमा काम गर्न सकेनन् । जनतासँग गरेका वाचा र प्रतिबद्धतामाथि धोकाधडीमा रूपान्तरित भए । निर्वाचनमार्फत जनताबाट प्राप्त जनमत शक्ति हत्याउने कडी मात्रै बन्न पुग्यो । यतिसम्म कि नेपालको राजनीतिक व्यवस्था ३/४ जना नेताको तजबिजीमा सञ्चालित हुने परिस्थिति बन्यो । देश आर्थिक रूपमा तन्नम अवस्थामा पुग्यो । गरिब, श्रमजीवी वर्गले रेमिट्यान्स नपठाई देशको अर्थतन्त्र चल्न नसक्ने अवस्थामा पुग्यो । वैदेशिक ऋणले अर्थतन्त्र कंगालीकरणतिर ओरालो लागेको छ । गरिब झन्-झन् गरिबीको खाडलमा भासिँदै छन् भने राष्ट्रिय अर्थतन्त्रमाथि निश्चित कुलीन र सम्भ्रान्तको कब्जामा पुगेको छ । तर, कुनै दल र नेतृत्वले गम्भीर आर्थिक संकट हल गर्ने जिम्मेवारी बहस गर्दैनन् । निकै ठूलो बलिदानीपछि देशमा संघीयता प्रणाली स्थापना भएको छ । तर, संघीयतालाई बलियो र प्रभावकारी बनाउने विचार, दृष्टिकोण र योजना कुनै दलसँग छैन । देशमा भ्रष्टाचारको चरम बेथिति छ । देश विकासको जिम्मा लिएका राजनीतिक नेता, कर्मचारी, सेना, प्रहरी, अदालत भ्रष्टाचारमा लिप्त छन् । जनता प्रत्येक पाइलामा कुशासन, बेथिति र अराजकताको मार खेप्न बाध्य छन् । तर, यस्ता संकट हल गर्न कुनै दलले योजनाबद्ध पहल गर्न सकेनन् । दलकै नेता/कार्यकर्ता संलग्न भ्रष्टाचारको बचाउमा राजनीतिक दल र तिनको नेतृत्व लागेका कैयौं उदाहरणका साक्षी नेपाली जनता बन्नुपर्ने परिस्थितिको उपज जनताले वैकल्पिक राजनीतिक शक्तिको खोजी गरेका हुन् । मेयरका रूपमा बालेन साह, हर्क साम्पाङ, गोपी हमाललाई जनताले साथ होस् वा राष्ट्रिय स्वतन्त्र दललाई जनताले गरेको समर्थन यसैको परिणाम हो । तथापि, यसरी निर्वाचित मेयर वा रास्वपाले राष्ट्रिय संकटको हल गर्न, जनताको जीविकाको सम्बोधन गर्न र उत्पीडित समुदायमाथिको विभेद र बहिष्करण हल गर्न के गरे त भन्ने विषयको गम्भीर समीक्षा हुनुपर्छ ।

**वैचारिक यथास्थितिवाद** नेपाली राजनीतिमा नयाँ व्यक्तिको उदय वा नयाँ दललाई वैकल्पिक राजनीतिका रूपमा व्याख्या भइरहेको छ । नयाँ परिस्थितिको सामना गर्न केवल नयाँ व्यक्ति र दल खुल्नु मात्रै वैकल्पिक राजनीति हुन सक्दैन । संकटपूर्ण राजनीति र अर्थतन्त्रबाट देशलाई बाहिर ल्याउन, भूमण्डलीकृत पुँजीवादबाट सिर्जित आर्थिक परनिर्भरताको अन्त्य, गरिबी र आर्थिक समस्याका कारण विदेशमा सस्तोमा श्रम गर्न जान बाध्य श्रमिकको अप्ठ्यारा हल गर्न र महिला, दलित र सीमान्तकृत समुदायमाथि दैनिक रूपमा भइरहेका अमानवीय विभेद र अत्याचारको अन्त्य गर्न ठोस विचार र दृष्टिकोण अनिवार्य हुन्छ । देशको अर्थ-राजनीतिक परिस्थितिको गम्भीर समीक्षाबिना नयाँ विचार निर्माण हुन सक्दैन । तर, नेपालमा पछिल्लो समयमा खुलेका राजनीतिक दलसँग कुनै नयाँ र

बाँकी तेश्रो पृष्ठमा⇨

# प्रशासनिक सुविधाको वैधकर्ता मात्रै नबनोस् न्यायालय

**विवेक चौधरी**

लोकतान्त्रिक राज्यको आधार तीन स्तम्भमा अडिएको हुन्छ- विधायिका, कार्यपालिका र न्यायपालिका । यीमध्ये न्यायपालिका त्यस्तो स्तम्भ हो, जसको कमजोरीले अन्य दुई स्तम्भको शक्ति नियन्त्रणविहीन बन्छ । संविधानले अदालतलाई केवल विवाद समाधान गर्ने निकायका रूपमा होइन, नागरिकको अन्तिम संरक्षकका रूपमा परिकल्पना गरेको छ । त्यसैले अदालतको एउटा फैसला केवल एउटा मुद्दाको अन्त्य मात्र होइन, समाजमा न्याय, अधिकार र राज्यशक्तिबीचको सम्बन्धको व्याख्या पनि हो । तर पछिल्लो समय अदालतका केही फैसलाहरू हेर्दा गम्भीर प्रश्न उठ्न थालेका छन्- के हाम्रो न्यायालय विधिको शासनलाई सुदृढ गरिरहेको छ, कि प्रशासनिक सुविधालाई कानुनी वैधता प्रदान गर्ने संयन्त्र बन्दै गएको छ ? अदालतको कर्तव्य मुद्दा टुंग्याउनु मात्र नभई तथ्य र प्रमाणको गहिरो परीक्षण गरी न्याय गर्नु हो । अदालत न त कसैको अधिवक्ता हो, न त राज्यको सहजकर्ता । यसको एक मात्र धर्म विधिको शासन र न्याय कायम गर्नु हो । न्याय भनेको सतही फैसला होइन, नागरिकका सबै प्रश्न र तर्कलाई निष्पक्ष रूपमा सुन्नु र सम्बोधन गर्नु हो । तर, पछिल्लो समय जटिल र गम्भीर संवैधानिक प्रश्नहरूलाई बेवास्ता गरी राज्यको अनुकूल हुने गरी मौन रहनु वा सजिला तर्क मात्र रोज्नु न्यायिक निष्पक्षताविपरीत छ । प्रश्नहरूको उत्तर नदिनुले अन्तत: न्याय प्रणालीप्रति नागरिकको विश्वास कमजोर बनाउँछ । म स्वयंले दायर गरेको 'ह्विल लक' सम्बन्धी मुद्दा एउटा उदाहरण हो । उक्त निवेदनमा केवल एउटा प्रशासनिक कारबाहीको वैधतामा मात्र प्रश्न गरिएको थिएन, बरु राज्य संयन्त्रले कुन कानुनी आधारमा नागरिकको सम्पत्तिमा हस्तक्षेप गर्न सक्छ भन्ने मौलिक संवैधानिक प्रश्न पनि उठाइएको थियो । रिट निवेदनमा अधिकारको सीमा, कानुनको स्पष्ट व्यवस्था, वैकल्पिक उपायको उपलब्धता, समानुपातिकताको सिद्धान्त तथा न्यायिक नियन्त्रणको आवश्यकता जस्ता गम्भीर कानुनी प्रश्नहरू उठाइएका थिए । तर फैसला अध्ययन गर्दा देखिन्छ- केही प्रश्नलाई केन्द्रमा राखी उत्तर दिइएको छ भने केही आधारभूत संवैधानिक जिज्ञासाहरू मौनतामार्फत छोडिएका छन् । अदालतले निवेदनमा उठाइएका सबै प्रश्नलाई उत्तर नठानेको शंका उत्पन्न भएको छ । निवेदकले कुन उद्देश्यले र कुन संवैधानिक चिन्तासहित मुद्दा दायर गरेको हो भन्ने कुरालाई पूर्ण रूपमा आत्मसात् नगरी, प्रशासनिक सहजता र कार्यान्वयनको आवश्यकतालाई प्रधान बनाएर निर्णयमा पुग्ने प्रवृत्तिको अनुभूत हुन्छ । जब अदालतले सबै प्रश्न सुन्दैन र सबै सम्भावित विकल्पको चर्चा गर्दैन, तब न्याय भएको अनुभूति केवल कागजमा सीमित हुन्छ । यही कारणले यो 'ह्विल लक' सम्बन्धी मुद्दा व्यक्तिगत हार-जितभन्दा पर गएर, हाम्रो न्याय प्रणालीमा प्रश्न छान्ने र छाड्ने अभ्यासको सन्दर्भ बनेको छ । कुन प्रश्न महत्त्वपूर्ण हो र कुन होइन भन्ने कुरा अदालतको सुविधामा होइन, संविधान र कानुनको मर्ममा आधारित हुनुपर्छ । कुनै प्रश्नलाई उत्तर नदिई छोड्नु भनेको त्यस प्रश्नलाई अस्वीकार गर्नु मात्र होइन, त्यससँग जोडिएको नागरिकको अधिकारलाई समेत अस्वीकार गर्नु हो । अदालतले जब आफू अनुकूल प्रश्न मात्र छानेर उत्तर दिन थाल्छ र बाँकी प्रश्नलाई बेवास्ता गर्छ, तब न्याय सार्वभौमिक रहँदैन । न्याय चयनात्मक बन्छ । चयनात्मक न्याय भनेको अन्तत: अन्यायको अर्को रूप हो । अदालतले छानेर न्याय गर्न थालेको दिनदेखि नै न्यायको समानता समाप्त हुन्छ, विधिको शासन कमजोर बन्छ र नागरिकको अदालतप्रतिको भरोसा क्रमश: क्षय हुँदै जान्छ । न्यायालयले सधैं सम्झनुपर्ने कुरा के हो भने न्यायिक शक्ति जनताको विश्वासबाट आएको हो । त्यो विश्वास कायम राख्न अदालतले सबै प्रश्न सुन्ने, सबै पक्षलाई समान रूपमा व्यवहार गर्ने र सबै कानुनी जिज्ञासाको उत्तर दिने साहस देखाउनुपर्छ । अन्यथा, अदालतले दिएको फैसला कानुनी रूपमा वैध देखिए पनि नैतिक र लोकतान्त्रिक दृष्टिले कमजोर बन्न जान्छ । समस्या कुनै न्यायाधीशको चरित्रसँग होइन, बरु राज्यका निर्णयहरूलाई 'स्वत: सही' मान्ने सोचमा छ । राज्यको शक्तिलाई नियन्त्रण गर्नुको सट्टा अदालतले नै प्रशासनिक निर्णयलाई प्रारम्भिक रूपमा वैध ठान्नु उचित होइन । यसले नागरिक र राज्यबीचको शक्ति सन्तुलन खल्बल्याउँछ । यसै सन्दर्भमा 'सार्वजनिक हित' भन्ने अवधारणा अत्यन्त सजिलै प्रयोग गरिन्छ, तर कमै मात्र गहिरो रूपमा परिभाषित गरिन्छ । सार्वजनिक हित भन्ने शब्द आफैंमा आकर्षक छ, तर अस्पष्ट छ । यो अवधारणा स्पष्ट मापदण्डबिनै प्रयोग हुन थाल्दा, जुनसुकै अधिकार हननलाई पनि यही शब्दको आडमा वैध ठहर गर्न सकिने अवस्था सिर्जना हुन्छ । सार्वजनिक हितको व्याख्या अदालतको सुविधाअनुसार बदलिन थाल्यो भने त्यो अवधारणा नागरिकको सुरक्षा होइन, राज्यशक्तिको ढाल मात्र बन्न पुग्छ । 'कानुन कार्यान्वयनमा बाधा नपरोस्' भन्ने तर्ककै आधारमा नागरिकको मौलिक हक कुण्ठित गर्न मिल्दैन । संविधान नै सार्वजनिक हितको सर्वोच्च रूप हो । त्यसैले सार्वजनिक हितको व्याख्या संविधानको सीमाभित्रै हुनुपर्छ । अदालत प्रशासनिक सहजताको पक्षधर होइन, संविधानको रक्षक बन्नुपर्छ । जब अदालतले राज्यशक्ति र नागरिक अधिकारलाई समान दृष्टिले हेर्दैन, तब न्यायिक निष्पक्षता समाप्त हुन्छ । न्यायालयको अन्तिम निष्ठा कुनै संयन्त्रप्रति होइन, केवल संविधानप्रति हुनुपर्छ ।कानुन प्रशासनिक सुविधा होइन । कानुन राज्यलाई सजिलो बनाउने उपकरण होइन । कानुन भनेको लिखित

बाँकी तेश्रो पृष्ठमा⇨

# अन्तर्राष्ट्रिय समाचार

## अलेप्पोमा झडपपछि सिरियाद्वारा युद्धविराम घोषणा


*काठमाडौं, २५ पुस ।*

उत्तरी सिरियाली सहर अलेप्पोमा सरकारी सेना र कुर्दिश लडाकूहरूबीच तीन दिनसम्म चलेको भीषण झडपपछि सिरियाको रक्षा मन्त्रालयले शुक्रबार युद्धविरामको घोषणा गरेको छ । मन्त्रालयका अनुसार शेख मकसौद, अचराफिह र बानी जैद क्षेत्रहरूमा बिहान ३ बजेदेखि युद्धविराम लागू भएको हो । सरकारी विज्ञप्तिमा सशस्त्र समूहहरूलाई छ घण्टाभित्र ती क्षेत्र छाड्न निर्देशन दिइएको छ । क्षेत्र छाड्ने लडाकूहरूलाई आफ्ना व्यक्तिगत हल्का हतियार बोकेर जान अनुमति दिइने र उनीहरूलाई कुर्दिश नेतृत्वको सिरियन डेमोक्रेटिक फोर्स (एसडिएफ)को नियन्त्रणमा रहेको उत्तरपूर्वी क्षेत्रमा सुरक्षासहित पुऱ्याइने उल्लेख गरिएको छ । अलेप्पोका गभर्नर अजाम अल-घारिबले सुरक्षा बलका साथ रातभर विवादित क्षेत्रको निरीक्षण गरेका छन् । तर एसडिएफतर्फबाट तत्काल कुनै औपचारिक प्रतिक्रिया आएको छैन र अलेप्पोमा रहेका कुर्दिश बलहरू सम्झौतामा सहमत भएका छन् वा छैनन् भन्ने अझै स्पष्ट छैन । सिरियाका लागि अमेरिकी विशेष दूत टम बाराकले सामाजिक सञ्जालमार्फत युद्धविरामको स्वागत गर्दै सिरियाली सरकार, एसडिएफ, स्थानीय अधिकारी र सामुदायिक नेताहरूले देखाएको संयम र सद्भावप्रति कृतज्ञता व्यक्त गरेका छन् । उनका अनुसार अमेरिकाले छ घण्टाको समयसीमाभन्दा बाहिर पनि



युद्धविराम कायम राख्न सबै पक्षसँग काम गरिरहेको छ । मंगलबार गोलाबारी र ड्रोन आक्रमणबाट सुरु भएको झडपका कारण करिब एक लाख ४२ हजार मानिस विस्थापित भएका छन् । दुवै पक्षले एकअर्कामाथि हिंसा सुरु गरेको, नागरिक बस्ती, एम्बुलेन्स र अस्पतालजस्ता पूर्वाधारलाई जानाजानी लक्षित गरेको आरोप लगाएका छन् । कुर्दिश पक्षका अनुसार कुर्द बहुल क्षेत्रमा कम्तीमा १२ सर्वसाधारणको ज्यान गएको छ भने सरकारी अधिकारीहरूले सरकार नियन्त्रित क्षेत्रमा कम्तीमा नौ सर्वसाधारण मारिएको बताएका छन् । दुवै पक्षका दर्जनौं व्यक्ति घाइते भएका छन् तर लडाकू मृतकको यकिन विवरण सार्वजनिक भएको छैन । यो झडप केन्द्रीय सरकार र एसडिएफबीचको राजनीतिक वार्ता अवरुद्ध भइरहेका बेला भएको हो । अन्तरिम राष्ट्रपति अहमद अल-साराको नेतृत्वमा दमास्कस प्रशासनले गत वर्ष मार्चमा एसडिएफलाई सन् २०२५ को अन्त्यसम्म सिरियाली सेनामा समायोजन गर्ने सम्झौतामा हस्ताक्षर गरेको थियो, तर त्यसको कार्यान्वयन प्रक्रियामा अझै सहमति जुट्न सकेको छैन । डिसेम्बर २०२४ मा भएको विद्रोही आक्रमणपछि पूर्वराष्ट्रपति बशर अल-असदको पतनसँगै गठन भएको नयाँ सिरियाली सेनामा समावेश केही गुटहरू पहिले टर्की समर्थित थिए, जसको कुर्दिश बलसँग लामो समयदेखिको वैमनस्य छ । एसडिएफ इस्लामिक स्टेट समूहविरुद्धको लडाइँमा वर्षौंदेखि अमेरिकाको मुख्य साझेदार रहँदै आएको छ, तर टर्कीले एसडिएफलाई कुर्दिस्तान वर्कर्स पार्टी ९पिकेके० सँग जोडिएको भन्दै आतंकवादी सङ्गठनका रूपमा हेर्ने गरेको छ । यद्यपि एसडिएफप्रति अमेरिकी समर्थन कायम रहे पनि राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले दमास्कसको नयाँ सरकारसँग पनि सम्बन्ध विस्तार गर्दै एसडिएफलाई मार्च सम्झौता कार्यान्वयन गर्न दबाब दिइरहेको देखिन्छ ।

## तेहरानसहित इरानका विभिन्न शहरमा उग्र प्रदर्शन



*काठमाडौं, २५ पुस ।*

इरानको राजधानी तेहरानसहित देशका विभिन्न शहरमा ठूलो सङ्ख्यामा प्रदर्शनकारी सडकमा उत्रिएका छन् । सामाजिक सञ्जालमा सार्वजनिक भएका भिडियोमा धार्मिक सत्ताविरुद्ध चर्का नारा लगाउँदै प्रदर्शन भएको देखिन्छ । केही स्थानमा 'शाह जिन्दाबाद'का नारा पनि सुनिएका छन् । बीबीसी फारसीका अनुसार ती भिडियोहरू पुष्टि भइसकेका छन् । रिपोर्टमा उल्लेख भएअनुसार पछिल्ला वर्षहरूमा धार्मिक सत्ताविरुद्ध देखिएको यो सबैभन्दा ठूलो प्रदर्शन मानिएको छ । गुरुवार साँझ तेहरान र देशको दोस्रो ठूलो सहर मशहदमा शान्तिपूर्ण प्रदर्शन भएका थिए । प्रारम्भिक चरणमा सुरक्षा बलले ती प्रदर्शनमा हस्तक्षेप नगरेको बताइएको छ । यद्यपि, एक अनुगमन समूहले प्रदर्शन फैलिँदै गएपछि देशभर इन्टरनेट सेवा बन्द गरिएको जनाएको छ । इन्टरनेट बन्दसँगै वास्तविक अवस्था र घटनाको विस्तृत विवरण बाहिर आउन कठिन भएको छ । प्रदर्शनको कारण र आगामी अवस्था बारे इरानी अधिकारीहरूले औपचारिक प्रतिक्रिया दिएका छैनन् ।

## इन्टरनेट बन्द भएपनि इरानमा उग्र प्रदर्शन

*काठमाडौं, २५ पुस ।*

इरानको सरकारले इन्टरनेट तथा अन्तर्राष्ट्रिय टेलिफोन सेवा पूर्ण रूपमा बन्द गरे पनि शुक्रबार राजधानी तेहरानसहित विभिन्न सहरमा व्यापक विरोध प्रदर्शन भएका छन् । निर्वासित युवराज रेजा पहलवीले प्रदर्शनका लागि आह्वान गरेपछि प्रदर्शनकारीहरू सडकमा उत्रिएका हुन् । तेहरान र अन्य सहरका सडकहरूमा प्रदर्शनपछि भग्नावशेष छरिएका देखिएका छन् । कार्यकर्ताहरूले बाहिर पठाएका छोटा अनलाइन भिडियोहरूमा प्रदर्शनकारीहरूले आगो बाल्दै इरानको सत्ताविरुद्ध नारा लगाएको देखिन्छ । लामो समय मौन बसेको इरानी राज्य टेलिभिजनले शुक्रबार पहिलो पटक प्रतिक्रिया जनाउँदै प्रदर्शन हिंसात्मक बनेको र 'हताहत' भएको दाबी गरेको छ, तर त्यसबारे विस्तृत विवरण दिएको छैन । राज्य मिडियाले अमेरिका र इजरायलका 'आतङ्कवादी एजेन्ट' ले आगजनी र हिंसा भड्काएको आरोप पनि लगाएको छ । सञ्चार अवरोधका कारण प्रदर्शनको वास्तविक आकार र फैलावट तुरुन्तै पुष्टि गर्न सकिएको छैन । तर कमजोर अर्थतन्त्र, महँगी र बेरोजगारीले थलिएको अवस्थामा सुरु भएको यो आन्दोलन पछिल्ला वर्षहरूमा सरकारका लागि सबैभन्दा गम्भीर चुनौती बनेको विश्लेषकहरूको भनाइ छ ।

यो विरोध प्रदर्शनलाई निर्वासित युवराज रेजा पहलवीको आह्वानप्रति जनसमर्थन कति छ भन्ने पहिलो ठूलो परीक्षणका रूपमा पनि हेरिएको छ । उहाँका पिता, पूर्व शाह, सन् १९७९ को इस्लामिक क्रान्तिभन्दा अघि देश छाड्न बाध्य भएका थिए ।

पछिल्ला प्रदर्शनमा शाहको समर्थनमा नाराबाजीसमेत सुनिनु, पहिले मृत्युदण्डसम्म हुन सक्ने अवस्थाको तुलना गर्दा जनआक्रोश कति गहिरो छ भन्ने सङ्केत मानिएको छ । अमेरिकास्थित मानव अधिकार निगरानी समूहका अनुसार हालसम्मको झडप र दमनमा कम्तीमा ४२ जनाको मृत्यु भएको छ भने दुई हजार २७० भन्दा बढी व्यक्तिलाई हिरासतमा लिइएको छ । युवारज पहलवीले बिहीबार र शुक्रबार साँझ ८ बजे पुनः सडकमा उत्रिन आह्वान गरेका थिए ।

## वैकल्पिक राजनीति...

ठोस वैचारिक दृष्टिकोण छैन । वैचारिक दृष्टिकोणबिना भ्रष्टाचारको आर्थिक-प्रशासनिक र सांस्कृतिक समस्या हल हुन सक्दैन । राज्यको असफलता र राजनीतिक दलहरूको अकर्मण्यताका कारण जनतामा चरम निराशा र आक्रोश छ । यस्तो निराशाका कारण केवल तत्कालीन परिवेशमा देखिएका समस्या मात्रै होइनन् । सैद्धान्तिक रूपमा नवउदारवादी पुँजीवादले निम्त्याएको उपभोक्तावादी अर्थतन्त्र, बिचौलिया, दलाल र राजनीतिक-प्रशासनिक गिरोहको लुटतन्त्र, कुशासन जनताको आवेगका कारण हुन् । यस्ता समस्या हल गर्न नयाँ वैचारिक दृष्टिकोण, दीर्घकालीन सोच, नीति र कार्यक्रम राजनीतिक दलमा हुनुपर्छ । तर, रास्वपालगायतका नयाँ दलसँग यस्ता समस्या हल गर्ने कुनै ठोस वैचारिक दृष्टिकोण देखिँदैन । के नयाँ दल गठन हुनु वा नयाँ पात्र राजनीतिमा उदाउँदैमा वैकल्पिक राजनीति निर्माण हुन सक्छ त ? आजको समयको संकटलाई हल गर्ने स्पष्ट विचार, दृष्टिकोण, नीति र कार्यक्रम अनिवार्य छ । त्योबिना कुनै पनि दल वैकल्पिक हुन सक्दैनन् । **संरचना, नेतृत्व र नीति** सबैजसो दलको शीर्षस्थ नेतृत्वमा पहाडी खसआर्य पुरुषको प्रभुत्व रहँदै आएको छ । आदिवासी जनजाति, मधेशी र थारू आन्दोलनपछि सम्बन्धित समुदायले नै राजनीतिक दल स्थापना गरेका कारण सीमित दलको मुख्य नेतृत्वमा ती समुदायका व्यक्ति छन् । ती दलको निर्णायक पदमा महिलाको प्रतिनिधित्व निकै कमजोर छ । सबैभन्दा पुरानो दल नेपाली कांग्रेसको मुख्य नेतृत्वमा अहिलेसम्म खसआर्य पुरुषबाहेक अरू पुग्न सकेका छैनन् । विसं २००९ मा धनमानसिंह परियारलाई महामन्त्री बनाएको कांग्रेसले त्यसपछि सात दशक कट्दा पनि एक जना दलितलाई महामन्त्री बनाउन सकेको छैन । पुष्पलाल श्रेष्ठकै नेतृत्वमा नेपाल कम्युनिस्ट दल गठन भएको इतिहास छ तर त्यसपछि मुख्य कम्युनिस्ट घटकको शीर्ष नेतृत्वमा खसआर्यकै प्रभुत्व रहँदै आएको छ । साभार ईकान्तिपुर ।

## प्रशासनिक सुविधा......

व्यवस्था, संवैधानिक मूल्य, न्यायिक सिद्धान्त र नागरिक अधिकारको सुरक्षाको संयोजन हो । कानुनमा स्पष्ट रूपमा व्यवस्था नभएको विषयलाई 'चलन', 'अभ्यास', 'आवश्यकता' वा 'सार्वजनिक सहजता' को आधारमा वैध ठहर गर्नु न्यायशास्त्रीय रूपमा कमजोर अभ्यास हो । यस्तो प्रवृत्तिले शून्यस्तरको न्यायशास्त्रीय विकासलाई संस्थागत गर्छ । यदि अदालतले 'कानुनमा नलेखिएको भए पनि व्यवहारमा हुँदै आएको छ' भनेर कुनै कार्यलाई वैध ठहर गऱ्यो भने भोलि कुनै पनि अधिकार हननलाई यहीबनाइनेछ । साभार ईकान्तिपुर ।

## पर्सा-१ मा काँग्रेस....

छैन," उनले स्पष्ट पारे ।उनले क्षेत्रीय तहबाट चार जनाको नाम सिफारिस गरिएको भन्ने चर्चा पूर्ण रूपमा आधारहीन रहेको पनि बताए । जिल्ला सभापति जनार्दन सिंह क्षेत्रीले पनि उक्त हल्लालाई निराधार र झूटो अफवाह भएको बताएका छन् ।

उनका अनुसार पार्टी कारबाहीबाट फुकुवा भएका केही व्यक्ति जिल्ला कार्यसमितिसँग सम्पर्कमै नरहेको र औपचारिक रूपमा नाम सिफारिसको प्रक्रिया अघि नबढेको हो ।

## निर्वाचनका लागि.........

अनुसार नेपाल वा भारत जुनसुकै देशमा निर्वाचन भए पनि सीमावर्ती नाकाहरू अस्थायी रूपमा बन्द गर्ने प्रचलनअनुसार नेपालमा हुन लागेको प्रतिनिधिसभा निर्वाचनका लागि ७२ घण्टा सिमानाका बन्द गर्ने निर्णय गरिएको हो । बैठकमा सीमा क्षेत्रमा हुने अपराध नियन्त्रण, लागुऔषध ओसारपसार रोकथाम, भन्सार छली नियन्त्रण तथा दुवै देशबीच सूचना आदानप्रदानलाई प्रभावकारी बनाउने विषयमा पनि विस्तृत छलफल भएको सर्लाहीका सशस्त्र प्रहरी उपरीक्षक देवबहादुर चन्दले बताए ।उनका अनुसार बैठकमा सर्लाही, महोत्तरी र रौतहटका प्रमुख जिल्ला अधिकारीसहित नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र राष्ट्रिय अनुसन्धान विभागका जिल्ला प्रमुखहरूको उपस्थिति थियो

# स्वास्थ्य

## प्रदूषित वायुले गर्भको शिशुलाई गम्भीर असर




वायु प्रदूषण, विशेष गरी सहरी क्षेत्रहरूमा, स्वास्थ्यका लागि गम्भीर चुनौती बनेको छ । काठमाडौं जस्ता शहरमा प्रदूषणको मात्रा बढ्दै जाँदा, यसले गर्भवती महिलाहरू र उनीहरूको गर्भमा रहेका बच्चाको स्वास्थ्यमा पार्ने प्रभावबारे चिन्ता बढ्दै गएको छ । विभिन्न अनुसन्धानहरूले वायु प्रदूषणले गर्भावस्था र बच्चाको विकासमा गम्भीर असर पार्ने देखाएका छन् । बेलायतको एबरडीन विश्वविद्यालय र बेल्जियमको ह्यासेल्ट विश्वविद्यालयका वैज्ञानिकहरूले गर्भावस्थाको समयमा वायु प्रदूषणमा पाइने ब्ल्याक कार्बन कणहरूले साललाई पार गरेर भ्रूणको रक्तसञ्चार प्रणालीमा प्रवेश गर्न सक्ने प्रमाण फेला पारेका छन् । यो जानकारी द ल्यान्सेट प्लानेटरी हेल्थ जर्नलमा प्रकाशित गरिएको छ । जर्नलमा उल्लेख गरिएको अनुसन्धानका अनुसार, गर्भावस्थाको पहिलो र दोस्रो त्रैमासिकमा जब ब्ल्याक कार्बन भ्रूणको रक्तसञ्चार प्रणालीमा प्रवेश गर्छ, यसले भ्रूणको फोक्सो, मस्तिष्क, प्रजनन क्षमता आदिलाई पनि असर गर्न सक्छ । एबरडीन विश्वविद्यालयका प्रोफेसर पॉल फाउलरका अनुसार, यसभन्दा पनि चिन्ताजनक कुरा भने यी ब्ल्याक कार्बन कणहरू विकासशील मानव मस्तिष्कमा पनि प्रवेश गर्छन्, जुन खतरनाक हुन्छ । वायु प्रदूषणमा विभिन्न रासायनिक पदार्थहरू, ग्याससहरू र कणहरू जस्तै पिएम २.५ समावेश हुन्छन् । यी प्रदूषकहरू फोक्सो हुँदै रगतमा प्रवेश गर्छन् र प्रजनन प्रणालीमा असर पुऱ्याउँछन् । अनुसन्धानहरूले देखाएका छन् कि, यी प्रदूषकहरूले हर्मोनल सन्तुलनमा गडबडी ल्याउँछ, जसले गर्भावस्थामा विभिन्न जटिलताहरू निम्त्याउने छाती रोग तथा सघन उपचार विशेषज्ञ डा. राजु पंगेनी बताउँछन् । **प्रदूषणका स्रोत र जोखिमहरू** वायु प्रदूषणमा विभिन्न रासायनिक पदार्थहरू, ग्याससहरू र कणहरू जस्तै पिएम २.५ समावेश हुने पंगेनीले बताए । 'यी प्रदूषकहरू बाहिरी वातावरणमा मात्र नभएर घरभित्र पनि हुन्छन्' पंगेनी भन्छन्, 'सवारी साधनको धूवाँ, औद्योगिक उत्सर्जन र धूलोका कणहरू बाहिरी प्रदूषणको स्रोत हो भने दाउराको चुलो, धूम्रपान र रासायनिक पदार्थहरूको प्रयोग घरभित्रको प्रदूषण हो ।' **गर्भावस्थामा प्रदूषणको प्रभाव**

प्रदूषणका कारकले प्रजनन प्रक्रियामा महत्वपूर्ण भूमिका खेल्ने हर्मोनहरूको सन्तुलन बिगार्छन् । यसले ओभुलेसन (डिम्ब) निष्कासनमा समस्या, महिनावारीमा गडबडी र गर्भपातको जोखिम बढाउने डा. पंगेनीले बताए । डा. पंगेनीका अनुसार पिएम २.५ (सुक्ष्म कणको व्यास अढाई माईक्रो मिटर वा कम) भएका सुक्ष्म कणहरू र अन्य रासायनिक प्रदूषकहरूले गर्भमा रहेको बच्चाको विकासमा बाधा पुऱ्याउँछ, जसले गर्भपातको सम्भावना बढाउँछ । प्रदूषणले समयअगावै बच्चा जन्मने जोखिम बढाउँछ, जसले बच्चाको स्वास्थ्यमा दीर्घकालीन असर पनि पार्न सक्छ । प्रदूषणको सम्पर्कमा आएका गर्भवती महिलाहरूबाट जन्मिने बच्चाहरूको तौल कम हुने र विकास सुस्त हुने सम्भावना पनि बढ्ने पंगेनीले बताए ।

'प्रदूषणले बच्चाको अङ्गहरूको विकासमा असर पार्न सक्छ' डा.पंगेनी भन्छन्, 'जसले जन्मजात दोषहरू र दीर्घकालीन स्वास्थ्य समस्याहरू जस्तै मधुमेह र अन्य रोगहरू निम्त्याउन सक्छ ।' वायु प्रदूषणले गर्भवती महिला र गर्भमा रहेको बच्चाको स्वास्थ्यमा गम्भीर असर गर्ने बाल श्वासप्रश्वास तथा सघन रोग विशेषज्ञ डा. जगत जीवन घिमिरे बताउँछन् ।

निर्धारित मापदण्डको पाल्ना गरौ, नक्सा पास गरी निमार्ण कार्य गरौं ।
परवानीपुर गाँउपालिकाको कार्यालय,परवानीपुर, बारा

सडक किनारमा गाई,वस्तुको साथै घर पालुवा जानवर नबाधौं,नाद,खुटा आदी नराखौं ।
करैयामाई गाउँपालिकाकोकार्यालय करैया, बारा

शौचालय निमार्ण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

## मधेस प्रदेशमा ३० हजारभन्दा बढी निर्वाचन प्रहरी भर्ना गरिँदै



**जनकपुर,२५ पुस ।**

मधेस प्रदेशमा आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई लक्षित गर्दै ३० हजार ४६६ जना निर्वाचन प्रहरी भर्ना प्रक्रिया सुरु गरिएको छ । प्रदेशका आठै जिल्लामा आजदेखि दरखास्त आवेदन खुला गरिएको हो ।मधेस प्रदेशमा रहेका ३२ वटा निर्वाचन क्षेत्रका मतदानस्थलको सुरक्षा व्यवस्थापनका लागि ठूलो संख्यामा निर्वाचन प्रहरी परिचालन गर्न लागिएको मधेस प्रहरीले जानकारी दिएको छ । निर्वाचन प्रहरी भर्नाका लागि आजदेखि माघ १ गतेसम्म बिहान १० बजेदेखि बेलुका ४ बजेसम्म जिल्ला प्रहरी कार्यालय तथा सशस्त्र प्रहरी बलका गणमा आवेदन दिन सकिने व्यवस्था गरिएको छ । जिल्लागत रूपमा हेर्दा धनुषामा सबैभन्दा धेरै ४ हजार ५२७ जना निर्वाचन प्रहरी भर्ना गरिनेछ । त्यसैगरी सप्तरीमा ४ हजार २२२, बारामा ४ हजार ३४, महोत्तरीमा ३ हजार ९१२, सर्लाहीमा ३ हजार ९२६, रौतहटमा ३ हजार ८५१, सिरहामा ३ हजार ७५७ र पर्सामा २ हजार ८५२ जना निर्वाचन प्रहरी खटाइने तयारी छ । मधेस प्रदेशका सबै जिल्लाहरू भारतसँग सिमाना जोडिएकाले अधिकांश मतदानस्थलहरू अति संवेदनशील वर्गमा पर्ने गरेका छन् । यसकारण निर्वाचनलाई शान्तिपूर्ण, निष्पक्ष र सुरक्षित रूपमा सम्पन्न गर्न सुरक्षा संयन्त्रलाई मजबुत बनाउने उद्देश्यसहित निर्वाचन प्रहरी भर्ना गरिएको प्रहरी भनाइ छ ।

## राजविराज-काठमाडौं रुटमा रात्रिकालीन उडान सुरु हुन अझै ढिलाई

**जनकपुर,२५ पुस ।**

बुद्ध एयरले राजविराज विमानस्थलबाट दैनिक दुई उडान सञ्चालन गर्ने घोषणा गरेको एक वर्ष बितिसक्दा पनि रात्रिकालीन उडान सुरु हुन सकेको छैन ।

२०८१ साल चैत १९ गतेदेखि नियमित रात्रिकालीन उडान सुरु हुने तयारीको रूपमा तत्कालीन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्रीप्रसाद पाण्डेले मङ्सिर २९ गते परीक्षण उडानको शुभारम्भ गरेका थिए । परीक्षण सफल भए पनि हालसम्म केवल दिउँसोको एक मात्र उडान मात्रै सञ्चालनमा आएको छ ।

स्थानीयवासीहरू यस ढिलाइमा असन्तुष्टि जनाउँदै आएका छन् । स्थानीय महामाया प्रसाद सिंहले भने, "हात्ती आयो, हात्ती आयो, फुस्सा जस्तो अवस्था छ ।"

बुद्ध एयरका राजविराज स्टेशन म्यानेजर अनिल राजवंशीका अनुसार, ट्राफिक, नोटम, उडान तालिका स्वीकृति र मौसमका कारण रात्रिकालीन उडान सुरु हुन सकेको छैन । उनले भने, ।

## गौर काण्डमा पीडितलाई क्षतिपूर्ति दिन सरकारलाई निर्देशन : मानवअधिकार आयोगको प्रतिवेदन



**रौतहट,२५ पुस ।**

रौतहटको गौरमा २७ जनाको ज्यान गएको हत्याकाण्डमा १९ वर्षपछि प्रहरीले पुनः अनुसन्धान अघि बढाएपछि उक्त घटनासम्बन्धी राष्ट्रिय मानव अधिकार आयोगको प्रतिवेदन फेरि चर्चामा आएको छ । पीडितहरूले पटक-पटक उजुरी दिँदा पनि राज्यबाट प्रभावकारी अनुसन्धान नभएपछि आयोगले घटना भएको १६ वर्षपछि स्थलगत अध्ययन गरी प्रतिवेदन तयार पारेको थियो । आयोगले २२ पुस २०७९ मा तयार पारेको प्रतिवेदनमा गौर घटनालाई गम्भीर, जघन्य, नियोजित र मनसाययुक्त अपराध ठहर गरेको छ । आयोगको १९ पुस २०७९ मा बसेको बैठकले उक्त निष्कर्ष निकाल्दै घटनामा संलग्न व्यक्तिहरूलाई कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति दिन सरकारलाई सिफारिस गरेको थियो । प्रतिवेदनमा मृतक र घाइतेहरूको विस्तृत सूची सार्वजनिक गर्दै मानव अधिकार उल्लङ्घन रोक्न असफल भएको ठहर गरिएको छ । आयोगले तत्कालीन जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक योगेश्वर रोमखामी, तत्कालीन प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ओझा, प्रहरी उपरीक्षक रामकुमार खनाल, सशस्त्र प्रहरी नायब उपरीक्षक धर्मानन्द सापकोटा र नायब उपरीक्षक कामाख्या नारायण सिंहलाई सेवामा बहालकै अवस्थामा विभागीय कारबाही गर्न सिफारिस गरेको छ । ७ चैत २०६३ मा गौरस्थित राइस मिल्स चौरमा तत्कालीन मधेसी जनअधिकार फोरम र माओवादीले एकै स्थानमा कार्यक्रम गर्न खोज्दा विवाद चर्किएपछि हिंसात्मक घटना भएको थियो, जसमा २७ जनाको मृत्यु भएको थियो । आयोगले तत्कालै अनुसन्धान गरी फौजदारी अभियोग दर्ता गर्नुपर्ने भए पनि त्यसो नगरिएको भन्दै गम्भीर असन्तोष व्यक्त गरेको छ । घटना भएको लामो समय बितिसक्दा पनि किटानी जाहेरीमाथि कुनै अनुसन्धान, तहकिकात वा अभियोजन नगरेको भन्दै जिल्ला प्रहरी कार्यालय रौतहटका तत्कालीन प्रमुखहरूमाथि पनि कारबाही अघि बढाउन आयोगले सिफारिस गरेको छ ।

## मन्त्री गुप्ताको अमेरिका भ्रमण स्थगित



**काठमाडौं,२५ पुस ।**

युवा तथा खेलकुद मन्त्री बब्लु गुप्ताले आगामी माघ ३ गते अमेरिका भ्रमण गर्ने कार्यक्रम स्थगित गरेका छन् । मन्त्री गुप्ताका स्वकीय सचिव विनोद रिमालका अनुसार समय अभावका कारण मन्त्री हाल अमेरिका नजाने भएका हुन् ।'भिसा लगायतका प्रक्रिया पूरा गर्न समय लाग्ने भएकाले समय अभावले गर्दा उहाँ अहिलेका लागि अमेरिका जानु हुन्न,' रिमालले बताएका छन् ।

यसअघि मन्त्रिपरिषद्ले अमेरिकामा हुने 'रोल अफ युथ इन द डेभलपमेन्ट अफ नेपाल पोस्ट जेनजी रिभोलुसन' कार्यक्रममा सहभागी हुन मन्त्री गुप्तालाई स्वीकृति दिएको थियो । कार्यक्रम विकास उप्रेती अध्यक्ष रहेको गैर आवासीय नेपाली संघ (एनआरएनए) ले आयोजना गर्ने योजना थियो । तर, सतेन्द्र शाह अध्यक्ष रहेको अर्को एनआरएनए-अमेरिकाले मन्त्री गुप्तालाई कार्यक्रममा बोलाएको छैन भनेर विज्ञप्ति जारी गरेपछि यो विषय विवादित बनेको थियो । अमेरिकामा अहिले गैर आवासीय नेपालीहरूको तीन समूह छन् । त्यसमध्ये उप्रेतीको समूहले संघको युवा विभागमार्फत टेक्सासको डलासमा जेनजी आन्दोलनपछि युवाहरूको भूमिकाबारे सम्मेलन आयोजना गर्ने योजना बनाएको थियो । मन्त्री गुप्तालाई बोलाउने र कार्यक्रमको योजना संघका युवा आशिस संग्रौलाले गरेका थिए । तर मन्त्रीले आफ्नो भ्रमण तालिका पक्का नगरेकाले कार्यक्रमको स्थान र मिति अझै निश्चित थिएन । माघ ६ मा प्रतिनिधिसभा निर्वाचनका लागि मनोनयन दर्ता हुने भएकाले मन्त्री गुप्ता त्यसअघि नै नेपाल फर्किन चाहँदै थिए । गैरदलीय सरकार भए पनि उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) निकट रहेका छन् । रास्वपा अध्यक्ष रवि लामिछाने, बालेन शाह र कुलमान घिसिङबीच एकता हुँदा मन्त्री गुप्ता सक्रिय देखिएका थिए । स्वकीय सचिव रिमालका अनुसार अमेरिका भ्रमणको कार्यक्रम तीन साताअघि तय भएको थियो । बीचमा मन्त्रिपरिषद बैठक नबसेकाले भ्रमण स्वीकृति केही दिनअघि मात्र प्राप्त भएको थियो । रिमालले भने, 'उहाँ सरकारी खर्चमा जान लाग्नुभएको थिएन, अमेरिकाकै आयोजकले उहाँको खर्च ब्यहोर्ने व्यवस्था गरेका थिए ।'


### जगरनाथपुर गाँउपालिकाद्धारा जनहितमा जारी संदेश

प्रायः प्रत्येक वर्ष तराई तथा भित्री मधेसका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।

बच्ने उपायहरु

- गोडा माथि देखिनै बाक्लो तथा न्यानो लुगा लगाउने गरौं ।
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्ध-बृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दूध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषिलो झोल पदार्थहरु प्रशस्त सेवन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आई परेमा, ज्वरो आएमा, झाडा पखाला लागेमा, दम बढेमा, खोकी लागेमा, छाती घ्यार घ्यार भएमा वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाली झ्याल ढोका बन्द गरेर सुत्नु हुँदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मृत्यु समेत हुन सक्छ ।
- आगो बालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।

छरछिमेकमा कोहि बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खवर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।



### उपभोक्ता अधिकारको संरक्षण गरौं ।

❖गुणस्तरीय वस्तु तथा सेवा प्राप्त गर्ने उपभोक्ताको अधिकारको रक्षा गरौं ।
❖कारोबारमा बिल/बीजक लिने र दिने गरौं, कारोबारलाई पारदर्शी बनाऔं ।
❖नाफाको उद्देश्यले झुट्टा, भ्रमपूर्ण विज्ञापन तथा सूचना नदिऔं ।
❖वस्तु/सेवाको मूल्य, मात्रा, म्याद सकिने मिति, गुणस्तर एकिन गरेरमात्र खरिद बिक्री गरौं ।
❖वस्तु वा सेवाको प्रयोगबाट कुनै हानि, नोक्सानी भए स्थानीय प्रशासनमा उजुरी गरौं ।
❖वस्तु तथा सेवाको प्रयोगबाट क्षति पुगे क्षतिपूर्ति मागौं ।
❖निष्पक्ष तथा तथ्यपरक सूचना पाउने उपभोक्ता अधिकारको रक्षा गरौं ।
❖भ्रमपूर्ण विज्ञापन तथा सूचनाको कारण उपभोक्ता ठगिएमा विज्ञापन बोर्डमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा

दैवी प्रकोपबाट बच्न सतर्कता अपनाऔं ।
सखुवाप्रसौनी गाँउपालिकाको कार्यालय, सखुवाप्रसौन, पर्सा

घरबाट निस्केको फोहोर डस्बिनमा हालौं, सभ्यताको परिचय दिऔं ।
छिपहरमाई गाउँपालिकाको कार्यालय,भिस्वा, पर्सा

पर्यटकिय स्थलको संरक्षण र प्रचार-प्रसार गरौं,नगरको विकासमा जुटौं ।
ठोरी गाँउपालिकाको कार्यालय, ठोरी, पर्सा

शौचालय निर्माण गरी गाँउलाई खुल्ला दिशा मुक्त बनाऔं ।
विन्दवासिनी गाँउपालिकाको कार्यालय, विन्दवासिनी, पर्सा

निर्धारित मापदण्डको पालना गरौं,ग्रामिण विकासको भियानमा सघाऔं ।
जिराभवानी गाँउपालिकाको कार्यालय,जिराभवानी ,पर्सा